# १३ स्त्री र मादक पदार्थ

*यस अध्यायका मूल पदहरू:* हितोपदेश ३१, अय्यूव २९:१५, हितोपदेश ८, १ कोरन्थी १:२१, प्रकाश १४:१३।

स्मरण गर्नुपर्ने मूल पदः "स्त्रीहरूको लागि आफ्नो शक्ति खेर नफाल। राजा तथा शासकहरूलाई नाश पार्ने तत्वमा खेर नफाल। हे लमुएल, राजा तथा शासकहरूले मद्यपान गर्नु असल छैन। जाँडमा आँखा लगाउनु अगुवा तथा शासन गर्नेहरूको निम्ति उचित छैन।" (हितोपदेश ३१:३,४)।

बाबुको अर्तीबाट हितोपदेशको पुस्तकको सुरू (हितोपदेश १:३,४, हितोपदेश ४:१) हुन्छ भने आमाको अर्तीबाट यो अन्त हुन्छ (हितोपदेश ३१:१)। लेमुएल भन्ने व्यक्ति सोलोमन हुनसक्छ, तसर्थ लेमुएलको आमा सोलोमनको आमा हुनसक्छ। राजालाई गिराउने दुई प्रमूख कारणहरूको बारेमा आफ्नो छोरालाई आमाले चेतावउनी दिन्छिन्, ती हुन्ः सुरा र सुन्दरी अर्थात् मद्यपान र स्त्री।

मद्यपान र स्त्रीको बारेमा दिएको चेतावनी एकदम गम्भिर छ। असल शासक हुनलाई कसको प्रभावमा आफू पर्नुपर्छ त्यसमा राजा वा शासक होशियारी हुनुपर्छ। सुरा वा मद्यपान र स्त्रीबाट पाउने प्रभाव अत्यन्त प्रभावशाली हुनसक्छ। विवेकशिल र ठीक स्त्री असल र सकारात्मक हुनसक्छ, तर त्यसमा मादक पदार्थ मिसाइयो भने खतरा हुनुसक्छ।

हितोपदेश पुस्तकको सुरूमा बाबुले आफ्नो छोरोलाई चाहिने आत्मज्ञान प्राप्तीको बारेमा चासो देखाएका थिए। तर अब आमाले वास्तविक जीवनमा आफूले पाएको ज्ञानबुद्धिलाई कसरी प्रयोग गर्ने भन्ने विषयमा चासो देखाएर यस पुस्तक बन्द गरिएको थियो। यदि आमाको उपयोगीमुलक अर्ती तथा सरसल्लाहलाई चलनचल्तीमा ल्याइएन भने बाबुले सिकाएका आत्मिक नीतिहरूको कुनै अर्थ हुँदैन।

**१ "जीवनको निम्ति टोस्ट अर्थात् मदिरा खाएर वा ख्याएर नयाँ वा लामो आयुको थालनी? (हितोपदेश ३१:४,५,८,९)।**

धेरै संस्कार अर्थात् संस्कृतिहरूमा असल जीवन वा लामो आयुलाई मदिरापानसँग जोडिएको छ। मदिरा भएको ग्लास उठाएर एक आपसको निम्ति लामो आयुको कामना गर्दछ। यो हास्यास्पद छ किनकि प्रत्येक प्यालाले जीवनलाई नाश पार्नेतिर अग्रसर गराउँछ। आकर्षित ढँगले सजिएका मदिरका बोटलहरू, मादकपदार्थलाई उक्साउने रमाइलो गीत तथा कविता, कतिपय धार्मिक संस्कारमा नभैनहुने तत्व, चलाकीपूर्ण विज्ञापन र केही पत्ता लगाएका "वैज्ञानिक" तथ्य आदिहरूले मद्यपान पिउन चाहनेहरूलाई आफूले ठीक नै गरिरहेकाछन् भनेर सोच्न लगाउँछन्। मृत्युको घन्टा बजाउने त्यस्तो झुठो तथा गलत लोकाचारको बारेमा हितोपदेशले पहिले नै गम्भिर चेतावनी दिएको थियो (हितोपदेश २३:३०-३५)। अब त्यही विषयवस्तु फेरि देखापर्छ तर यस बखत मादक पदार्थ पिउँदा ल्याउने वढि क्षतीको बारेमा उल्लेख गरेर।

राजालाई मात्र होइन प्रभुका प्रत्येक उपासकको निम्ति देहायका पदहरूले के सन्देश दिँदछ? हेर्नुहोस्: हितोपदेश ३१:४,५,८,९ "यो राजाहरूका निम्ति होइन, हे लमूएल– राजाहरूले दाखमद्य पिउनु हुन्न,

शासकहरूले मदिराको लालसा गर्नु हुन्न, ५ नत्रभने तिनीहरूले पिएर कानूनी आदेश के हो बिर्सनेछन्, र थिचोमिचोमा परेका सबैलाई तिनीहरूको अधिकारदेखि वञ्चित गराउँछन्।... ८ "त्यस्ताहरूको पक्षमा बोल्, जो आफ्नो पक्षमा बोल्न सक्दैनन्, यस्ताहरूका अधिकारको निम्ति जो कङ्गाल छन्।९ आवाज उठा र न्यायसँग फैसला गर्। गरीब र दीन-हीनको अधिकारको रक्षा गर्।"

झण्डै माथि प्रयोग गरेको भाषा जस्तै अय्यूबले आफूलाई "अन्धाहरूका निम्ति आँखा, र....लंगडाहरूको निम्ति खुट्टा" भनेर सम्बोधन गरेका थिए (अय्यूब २९:१५ रूपान्तरित)। त्यही प्रकारले राजा, शासकवर्ग तथा धनीहरूले गरिब र आवश्यकका मारमा

पर्नेहरूलाई सहायता गर्नुपर्छ। गरिब तथा असहाय मानिसहरू लाटा जस्ता छन् किनभने तिनीहरूले बोल्दा कसैले सुन्दैनन्।

मानिसको ठीकबेठीक वा न्याय अन्याय छुट्याउने निर्णयलाई निकम्मा तुल्याइदिनु  मदिराको विध्वंसात्मक तत्वको फल हो। सर्वसाधारणलाई मदिरा त खराब छ नै। तर राजा वा अधिकार भएका मानिसहरूले मदिरा पिउन थाल्यो भने त्यसले भयानक नतिजा ल्याउँछ। मदिरामा लठ्ठ हुने राजाले कानूनलाई बिर्सिदिन्छ। मदिराको सुरमा राजा वा शासकले के ठीक छ के ठीक छैन सो थाहा हुँदैन। उसको निर्णय खराब पनि हुनसक्छ। मदिराको सुरमा गरेको न्यायले दोषी निर्दोष ठहरिन सक्छ र निर्दोषी दोषी ठहर्न सक्छ।

ठीक र बेठीकको बीचमा र असर र खराब छुट्याउने क्षमतालाई बाइबलले महत्त्व दिएको छ। तर मादक पदार्थ पिउँदा त्यस क्षमतालाई कमजोर पारिदिन्छ र मादक पदार्थले कतिको नोक्सानी गर्छ भनेर मौलिक बुद्धिज्ञानले सिकाउँदछ। त्यसकारण कुनै पनि मानव जातिले मादक पदार्थ नपिउनु उचित देखिन्छ। मादक पदार्थ पिउँदा कुन् पवित्र छ कुन् पवित्र छैन भनेर छुट्याउन नसक्ने भएकोले परमेश्वरका पूजारीहरूलाई मदिरा पिउन मनाही गरिएको थियो (लैव्य १०:९,११)।

असंख्य मानिसहरूको जीवनमा जाँडरक्सीले सत्यानास गरेको कसले देखेको छैन र? आफूलाई र अरूलाई बिगार गर्ने मदिराबाट जोगाउन तपाईंले कसरी सहयोग गर्नुहुन्छ?

## २ मृत्युलाई अग्रिम स्वागत गर्ने तत्वः मदिरा (हितोपदेश ३१:६,७)

हितोपदेश ३१:६,७लाई हामीले कसरी बुझ्ने? झट्ट हेर्दा के त्यसले हामीलाई अलमल पार्दैनन् र? हेर्नुहोस्: “तिनीहरूलाई मदिरा देऊ जो नष्ट भइरहेका छन्, दाखमद्य त्यस्ताहरूलाई देऊ, जसलाई विरह चलेको छ। ७ तिनीहरूले पिऊन् र आफ्नो दरिद्रता भुलून्, र आफ्नो वेदना फेरि नसम्झून्।"

झट्ट हेर्दा मर्न लागेको मानिसलाई मदिरा खान दिए हुन्छ भनेर लमुएलको आमाले भन्न खोजेको उपरोक्त पदहरूले देखाउँदछ। डिप्रेसन

अर्थात् उदासिन वा कष्ट पाइरहेकाहरूलाई रक्सी खान दिए हुन्छ रे! तर मूल विषयवस्तुसँग उपरोक्त भनाई सहमत भएको देखिन्दैन। लेमूएलको आमाले राजालाई मदिरा नपिउन भर्खर चेतावनी दिएकी थिइन्। फेरि समग्ररूपमा हितोपदेशको विषयवस्तुमा मदिरा पिउन अनुमती दिएको छैन।

फेरि मर्न लागेको मानिसलाई मदिरा पिउन दिनु पनि यथोचित देखिन्दैन किनभने यसले स्वास्थ्यलाई झन नराम्रो असर पार्छ। अनि उदासिन वा डिप्रेसन वा कष्टमा परिरहेको मानिसलाई रक्सी दिनु भनेको पानी खान नपाएकोलाई नुन खुवाउनु जस्तो हो। तिर्खाएकोलाई झन तिर्खाइदिन्छ। परमेश्वरले हामीहरूको शरीर र स्वास्थ्यप्रति बढो चासो राख्नुहुन्छ। त्यसले गर्दा ती पदहरूमा उल्लेख गरेका मदिरा पिउन दिन प्रोत्साहन गरेका भनाइहरू बुद्धिमानी देखिन्दैन।

अत्यन्त होशियारसाथ त्यस पद पढदा हामी पाउँछौं “जो नाश भइरहेको छ" त “को नाश भइरहेको छ?" हितोपदेशको पुस्तकले दुष्टहरूको बारेमा चर्चा गरिरहेको पाउँछौं (हितोपदेश १०:२८, ११:७,१०, १९:९, २१:२८,२८:२८)। त्यसकारण नाश हुने मानिसहरू को हुन् भन्दा दुष्टहरू हुन् भनेर लेमूएलको आमाले भनिरहेकी पाउँछौं। उदासिन र बेदनामा परेका मानिसहरू को हुन् ता भन्दा तिनीहरू हुन् जो अरूप्रति असंवेदनशील हुनेहरू र अरूको दीनहीनता वा गरिवतालाई बिर्सनेहरू। त्यस्ता मानिसहरू पनि दुष्ट नै हुन्।

“मानव परिवारलाई सकेसम्म कसरी नराम्रोसँग दुःख दिउँ भनेर शैतानले आफ्ना पतित स्वर्गदूतहरूसँग मिलेर योजना बनाउँछन्। तिनीहरूको बीचमा अनेकन् प्रस्तावहरू पेश हुन्छ। अनि आखिरमा शैतानले आफैले नै योजना बनाउँछन्। परमेश्वरले खानको निम्ति दिनुभएको फलफूल, अन्न र अरू पदार्थहरूलाई लिन्छन् र त्यसलाई बिषमा परिवर्तन गर्छन्। अनि त्यस बिषले मानिसको शारीरिक, मानसिक र नैतिक शक्तिलाई बर्बाद पारिदिन्छ। त्यस बिष वा मदिराले मानिसहरूको इन्द्रियहरूलाई सिथिल बनाइदिन्छ, जसको फलस्वरुप

तिनीहरूले आफूहरूलाई शैतानको पूरा नियन्त्रणमा पारिदिन्छन्। मदिराको प्रभावले मानिसहरूलाई सबै खालका अपराधहरू गर्न उक्साउँछन्। चाहिनेभन्दा अत्यधिक खाना खाने संस्कार र अस्वस्थ खाना र पेय पदार्थद्वारा संसारलाई कमजोर र पापी बनाउँछन्। मानिसहरूलाई मदिरा पिउन दिएर शैतानले तिनीहरूको चरित्रलाई झन झन तल झार्न सघाइरहेको छ।"-एलेन जी ह्वाइट, टेम्परेन्स, पृ. १२बाट रूपान्तरित।

## ३. आदर्शवान्, सदगुणी, बुद्धिमती र नीतिवान नारी (हितोपदेश ३१:१०)

"कसले आदर्शवान्, सदगुणी, बुद्धिमती र नीतिवान श्रीमती पाउँछन् र? उनी त अमूल्य रूबी पत्थरहरू भन्दा बढी मोलका हुन्छिन्।" (हितोपदेश ३१:१० रूपान्तरित)।

आदर्शवान्, सदगुणी, बुद्धिमती, लक्षणी र नीतिवान नारी को हो भनेर हितोपदेश ३१:१०ले सोध्दछ। केवल परमेश्वरमा भक्तिभाव भएको र आदर्श चरित्र भएको श्रीमतीको बारेमा मात्र हितोपदेशको लेखकले सम्बोधन गरेको होइन भनेर विभिन्न सङ्केतहरूले देखाउँदछ। हितोपदेशका विभिन्न पदहरूलाई केलाउँदा आदर्श तथा गुणी नारीको अर्थ बुद्धि हो भनेर औंल्याएको पाउँछौं (हितोपदेश १:२०-३३, ३:१३-२०, ४:५-९, र हितोपदेश ८)। नारीलाई बुद्धिको प्रतिक मानेको हिब्रूभाषा अनुसार ठीक देखिन्छ किनभने त्यस भाषामा बुद्धि अर्थात् चोकिमाह (chokmah) शब्द व्याकरणमा पुलिङ्ग नभएर स्त्रीलिङ्ग नाम हो। हामीहरूको दैनिक जीवनमा नै आधारित विभिन्न पक्षहरूलाई समेतेर हिब्रू लेखकले त्यस नारीलाई बुद्धिको संज्ञा दिएको पाइन्छ। फेरि बुद्धि हामीहरूको पहुँचभन्दा बाहिर नभएको हितोपदेशले चित्रण गर्दछ। हामीहरूको जीवनसाथी बन्नलाई कस्तो अत्यन्त विवेकशील नारी हुनुपर्छ भनेर हितोपदेशले हामीलाई बताउँछ।

हितोपदेशमा बयान गरेका बुद्धिज्ञानलाई यस अन्तिम अध्यायमा सुन्दर कविताको छन्दमा कोरेको छः प्रत्येक पद हिब्रू अक्षरबाट सुरू हुन्छ जुन् कि हिब्रू भाषाको वर्णमालाको क्रममा देखापरेको हुन्छ।

यस्तो खालको कविताको छन्द अगमवक्ता यर्मियाले लेखेका बिलाप, र भजनसंग्रहमा पाइन्छ।

यदि हामीले हितोपदेश ८मा दिएको बुद्धिको वयानलाई हितोपदेश ३१मा उल्लेख गरेका आदर्श नारीसँग तुलना गर्दा बुद्धि र नारीको बीचमा समान्तर गुण भएको पाउँछौं। हामी यहाँ त्यसको बारेमा केही पक्षहरू हेरौंः

उनी पाउन लायककी छिन्। उनी दामी छिन् (हितोपदेश ३१:१०, ८:३५)।

**अ. उनको किमत वा मोल रूबीहरूभन्दा पनि ठूलो छ (हितोपदेश ३१:१०, ८:१०,११,१८,१९)।**

**आ. उनले मेहनत गरेर घरको परिवारलाई खानाहरू जुटाइदिन्छिन् (हितोपदेश ३१:१४, ८:१९)।**

**इ. उनको बल वा तागत कुनै पुरूषभन्दा पनि कम छैन। उनी बलियो, दऱ्हो र शक्तिशाली छिन् (हितोपदेश ३१:१७, ८:१४)।**

**ई. उनी बुद्धिमती छिन् (हिब्रू ३१:२६, ८:१)।**

**उ. उनको प्रशंसा गरिन्छ तथा प्रशंसाको योग्य छिन् (हितोदेश ३१:२८, ८:३४)।**

हामी बर्तमान प्रगतीशील युगमा छौं। विगतको समयमा भन्दा हामीले धेरै बुद्धि र ज्ञानहरू पाएका छौं। तर के बर्तमान पुष्टा पहिलाको भन्दा बुद्धिमानी छ र? उपयुक्त कथनमा अमेरिकाको प्रशिद्ध मानव समानताको अभियान चलाउने शहीद भएको योद्धा मार्तिन लुथर जुनियरले भनेका थिए “हामीले मिसाइल अर्थात् अत्याधुनिक हथियारलाई दोऱ्यायौं तर मानिसहरूलाई पथभ्रष्ट बनायौं (We have guided missiles and misguided men).

ज्ञानबुद्धि अत्यन्त बढिरहेको तर मानव जीवनको अबमूल्यनको मारमा परिरहेको संसारमा हामी विश्वासद्वारा जीउनु पर्छ भनेर १ कोरन्थी १:२०,२१ले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्ः “२० बुद्धिमान् कहाँ छ? शास्त्री कहाँ छ? यस युगका तर्क गर्नेहरू कहाँ छन्? के परमेश्वरले यस संसारको बुद्धिलाई मूर्ख तुल्याउनुभएन र? २१

संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारको मूर्खताद्वारा नै विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो। २२ यहूदीहरू चिन्ह माग्छन् र ग्रीकहरू बुद्धिको खोजमा छन्। 1 Corinthians १:२०-२२ "बुद्धिमान् कहाँ छ? शास्त्री वा पण्डितहरू कहाँ छन्? यस युगका तर्क गर्नेहरू कहाँ छन्? के परमेश्वरले यस संसारको बुद्धिलाई मूर्ख तुल्याउनुभएन र? २१ संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारको मूर्खताद्वारा नै विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो। २२ यहूदीहरू चिन्ह माग्छन् र ग्रीकहरू (वा अन्यजाति अर्थात् म्लेच्छ कहलाइएकाहरू) बुद्धिको खोजमा छन्।"

## ४. असल श्रीमती मेहनती छिन् (हितोपदेश ३१:१२,१५,१८)

हितोपदेशमा वर्णन गरेको बुद्धिमती, सदगुणी तथा आदर्श नारी अल्छी र काम गर्न जाँगरिलो नभएको स्वभावको हुँदैन। उनी अत्यन्त मेहनतसाथ काम गर्छिन् र सक्रिय छिन्। यो हितोपदेश ३१:२७को कविता उल्लेख गरेको छ। बुद्धिमानी र मूर्खको बीचमा के फरक छ भनेर पनि हितोपदेशले देखाउँदछ (हितोपदेश ६:६, २४:३३,३४)। गुणिलो नारीको व्यस्तता, सक्रियता र उद्यमले गर्दा उनका खेतबारी हरियापरिया हुन्छन्। धर्ममा लाग्यो भन्दैमा वा परमेश्वरको राज्यको खोजिगरिरहेको भन्दैमा अध्यात्मिक मानिसलाई अल्छी वा परमेश्वरले पुऱ्याइ हाल्छन् नी भनेर हाथ बाँधेर बस्न अधिकार छैन। धर्मको बारेमा गहिरो ज्ञान सिक्दै छु भन्दैमा रोजीरोटीको निम्ति केही नगर्ने तर भिक्षा मागेर जीविका चलाउने बहाना बाइबलले सिकाउँदैन। जीवनमा हुने सानोतिनो कुरालाई मामुली वा अनावश्यक भनेर वेवास्ता गर्ने अधिकार हामीलाई छैन (लूका १६:१०मा येशूले भन्नुभएको छः "जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ।")। लक्षणले युक्त भएकी नारीले आफ्नै हातले काम गर्न मनपराउँछिन् (हितोपदेश ३१:१३)। यो अत्यन्त घटलाग्दो कुरो छ कि त्यस

मेहनती तथा अध्यात्मिक व्यक्ति प्रार्थनामा तल्लिन हुन्छिन् भनेर कहीं पनि चित्रण गरेको छैन। तर उनी असल, कुशल र उपयोगी नारीको रूपमा देखाएको छ। त्यही गुण येशूको भक्त मार्थामा पनि थियो (लूका १०:३८-४०)।

गुणिलो नारी किन सधैं काम गरिरहन्छिन्? हेर्नुहोस् हितोपदेश ३१:१२, १५, १८ "१२ तिनले आफ्नो जीवनकालभरि नै

उनको भलो गर्छिन्, कुभलो होइन।... १५ तिनी राती नै उठ्छिन्, आफ्नो परिवारको लागि भोजनको इन्तिजाम गर्छिन् र आफ्नी दासी ठिटीहरूलाई आ-आफ्नो भाग दिन्छिन्।... १८ तिनले आफ्नो कारोबार लाभदायक भएको देख्छिन्, र तिनको बत्ती राती निभ्दैन।"

त्यस नारीले आफ्नो जीवनभरी काम गर्छिन्। अझ रातमा पनि उनी काम गर्छिन्। उनी सधैं काम गरिरहेकी हुन्छिन् र घरमा चाँजोफाँजो मिलाइरहेकी हुन्छिन्। उनी श्रीमती र आमा हुने जिम्मेवारीप्रति कर्तव्यनिष्ठ भएकीले नै निरन्तररूपमा काम गर्छिन्।

तत्काल र पछिसम्मको निम्ति के योजनामा व्यस्त हुन्छिन्? हेर्नुहोस्, हितोपदेश ३१:२०,२५ "तिनले गरीबहरूलाई आफ्नो मुट्ठी खोल्छिन्, र आफ्नो हात दीन-हीनहरूका लागि बढ़ाउँछिन्।.. २५ तिनी सामर्थ्य र प्रतिष्ठाले सुशोभित हुन्छिन्, र आउने दिनहरूका बारेमा तिनी हाँस्न सक्छिन्।"

यहाँ हामीले कामको गरिमाको बारेमा छवास्स छोएको पाउँछौं। हामीहरूको कामलाई समयले देखाउने छ। भविष्यले मात्र हामीले गरेको कामको मूल्याङ्कन हुन्छ। बुद्धिमानपूर्वक काम गर्नु भनेको भविष्यलाई ख्यालमा राखेर काम गर्नु हो। तुरन्त इनाम पाउनको निम्तिमात्र हामीले काम गर्ने होइन। त्यही कुरोलाई मध्यनजारमा राखेर प्रकाशको पुस्तकले औंल्याएको पद अत्यन्त महत्त्वपूर्ण पाउँछौं "अहिलेदेखि प्रभुमा विश्वास गरेर मरेकाहरू धन्य हुन्। हो, पवित्र आत्माले भन्नुहुन्छ। "तिनीहरूको कामबाट तिनीहरू विश्राम लिनेछन्। तिनीहरूले गरेको कामलाई बिर्सनेछैन।" (प्रकाश १४:१३ रूपान्तरित)।

यदि तपाईंको मनमा कुनै विशेष नारी छ भने (जो श्रीमती, आमा, परिवारको अरू सदस्यहरू, गुरुमा, मित्र वा हाकिम) तपाईंले तिनलाई सराहना गर्न तपाईं के गर्न सक्नुहुन्छ किनभने तिनले तपाईंको जीवनलाई उचाल्न योगदान दिएकी थिइन्?

## ५. उनले हेरचाह गर्छिन् (हितोपदेश ३१:२६-३१)

नारीमा हुनुपर्ने अर्को गुणिलो स्वभाव के हो भनेर हितोपदेश ३१:२६-३१मा वर्णन गरेको छ। हामी जो भएतापनि वा स्त्री वा पुरुष जोसुकै भएतापनि त्यस्तो गुण हुनु किन जरुरत छ? हेर्नुहोस्ः

"२६ तिनी बुद्धिसँग बोल्छिन्,र तिनको जिब्रोमा विश्वास योग्य उपदेश हुन्छ।२७ तिनी आफ्नो परिवारका कारोबारको देखरेख गर्छिन्, र आलस्यको रोटी खाँदिनन्।२८ तिनका छोरा-छोरीहरू खड़ा भएर तिनलाई धन्य भन्छन्,तिनका पतिले पनि यसो भनेर तिनको प्रशंसा गर्छन्ः२९ "धेरै स्त्रीहरूले उत्तम कुराहरू गर्छन्,तर तिनीहरू सबैलाई तिमीले जितेकी छयौ।"३० सौन्दर्य भ्रमात्मक हुन्छ, र सुन्दरता उड़िजाने हुन्छ,तर परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ।३१ तिनले कमाएको इनाम तिनैलाई दिनू,र तिनका कामले सहरको मूल ढोकामा नै तिनलाई प्रशंसा ल्याऊन्।

अब हामी यस हितोपदेशको अध्ययनको पुछारमा छौं। अहिले सम्म हामीले धेरै अर्तीहरू यसमा सिक्यौं र सबभन्दा महत्त्वपूर्ण अर्ती हामीले कसरी बोल्नुपर्छ त्यसमा होशियार हुनुपर्छ भनेर हितोपदेशभरि औंल्याएको पाउँछौं। हितोपदेश ३१मा वर्णन गरिएको नारी बुद्धिमती र दयालु हुन्छिन् भनिएको छ। बुद्धि र दयामा आपसी सम्बन्ध छ। दयालु हुनु भनेको बुद्धिको अर्को पक्ष हो भनेर कसैले विवाद गर्छ र? बुद्धिमानी हुनु भनेको, ज्ञानी हुनु भनेको, धर्मी हुनु भनेको केवल हामीहरूको दिमागमा के छ सो हुनुमात्र नभएर हामीले के बोल्छौं र के गर्छौं त्यो हो भनेर हितोपदेशले सिकाउँछ।

हितोपदेश ३१को अन्ति पदहरूमा दयाको नीतिलाई कोरेको छ। दया भनेको केवल जे मुखमा आयो त्यही अरूलाई प्याच्च बोल्ने होइन। फेरि अरूप्रति दया देखाएको छु भनेर देखाउन हल्का कुराले

कसैको मन साम्य पार्न खोज्नुमात्र होइन। तर दयावन्त हुनु त्यस आदर्श नारीको जीवनकै चरित्र हो, उनको नीति हो। हामीहरूको जिब्रोबाट निस्कने दयाको नीतिले सबैलाई अगुवाइ गरेको भए हामी सबैको जीवन कस्तो असल हुने थियो होला?

हितोपदेश ३१:३०मा के महत्त्वपूर्ण विषयलाई औंल्याएको छ जुन् हामीले प्रायजसो बिर्सन्छौं पनि? हेर्नुहोस् "सौन्दर्य भ्रमात्मक हुन्छ, र सुन्दरता उड़िजाने हुन्छ, तर परमेश्‍वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ।"

कतिपय समाजमा मानिसहरूले नारीको बाहिरी अनुहार, आभुषण, पहिरणलाई हेरेर मक्ख पर्दै उनको उच्च मूल्याङ्कन गर्दछन्। त्यस उनको योग्यता, किमत र चरित्रलाई बाहिरी रूपबाट गरिने मूल्याङ्कन पक्का हुँदैन। बाहिर देखाउने सुन्दरताको आधारमा नारीप्रति मोहित हुनु अर्थहीन, बेकार र शुन्यपन हो भनेर बाइबलले औंल्याउँछ। असल नारीको सत्य सौन्दर्यता उनको चरित्रले देखाउँछ। अनि त्यो चरित्रलाई उनको जीवन र कामले स्पष्टरूपमा देखाउँछ। बाहिरी सुन्दरता बितेर जान्छ, खुम्चेर जान्छ र उमेर ढल्केपछि अनाकर्षक र कुरूप पनि हुन्छ। तर उनमा भएको चरित्र निरन्तररूपमा रहिरहन्छ। "पुरूषहरूका महान् नामहरू बालुवामा लेखिएका हुन्छन्। तर निष्कलङ्क चरित्र अनन्तसम्म रहिरहन्छ।"-एलेन जी ह्वाइट, गडस् अमेजिङ्ग ग्रेस, पृ. ८१बाट रूपान्तरित।

तपाईंको चरित्रका कुन् पक्षहरू सुधारिएको तपाईं चाहनुहुन्छ? त्यसको लागि प्रार्थना गर्नु राम्रो हो, तर तपाईंले के सकारात्मक कदम चाल्नुभएको छ जसले गर्दा तपाईंको चरित्रको बिकास होस्?

## उपसंहारः

थप जानकारीः "धेरै मादक पदार्थ खाएर त्यसको उत्तेजित प्रभावले गर्दा हारुनका दुई पुजारी छोराहरू, नादाव र अबिहु, मात्तिएका थिए र तिनीहरूको दिमागले काम गरेका थिएनन। तिनीहरूले पवित्र र साधारण कुरालाई छुट्याउन सकेनन्। पवित्र अग्नीलाई चढाउनुको सट्टा जे पायो त्यही आगोलाई धुपमा चढाएर तिनीहरूले परमेश्‍वरको अपमान

गरेका थिए। त्यसको फलस्वरुप परमेश्वरको क्रोध तिनीहरूमाथि बज्रिएको थियो। उहाँबाट आगो निस्केर तिनीहरूको भष्म भएको थियो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ३, पृ. २९५बाट रूपान्तरित।

"दैनिक जीवनमा परिश्रम गर्नेहरूले परमेश्वरको सम्मान कसरी हुन्छ भनेर बाइबलमा उल्लेख गरेका वयानहरूलाई बालबालिका र युवा तथा युवतीहरूले सिकुन्।...तिनीहरूले हितोपदेश ३१मा वर्णन गरेका नारीको बारेमा पढुन् जसमा लेखिएका छन्- उनले उन र सनपात काढेर लुगा बनाउँछिन्, उनी आफ्नै हातले काम गर्न रमाइलो मान्छिन्, उनले आफ्नो परिवारको निम्ति खानाको बन्दोबस्त गर्छिन्, उनले महिला चाकर्नीहरूलाई पनि केही दिन्छिन्, उनले खेतबारी लगाउँछिन्, उनी बलिया छिन्, गरिबको निम्ति तिनले आफ्नो हाथहरू फैलाउँछिन्, आवश्यक परेकाहरूको निम्ति आफ्ना मुठीहरू खोल्छिन्, परिवारको व्यवस्थापनमा उनी चनाखो हुन्छिन् र उनी हरदम व्यस्त रहन्छिन्।" हितोपदेश ३१:१३,१५, १७,२०,२७ रूपान्तरित।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. २१७बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. अनेकन् बहानामा अलि अलि पनि मादक पदार्थ नखानु किन उत्तम छ? जुनसुकै प्रकारको मादक पदार्थ खाँदा त्यसको फाइदा के छ र? जाँड रक्सीले गरेका विध्वँसात्मक कामहरूको बारेमा सोच्नुहोस्।**

**आ. वर्तमान युग अनेकन् प्रगतीशील ज्ञानहरूले भरिएका छन्। तर ज्ञान भयो भन्दैमा के बुद्धि पनि बढेको छ र? बुद्धिबिनाको ज्ञान विध्वंसात्मक हुन्छ भनेर वर्तमान समयमा भइरहेका घट्नाहरूले कसरी देखाइरहेको छ?**

**इ. गुणिलो, आदर्शवान, मेहनती, चरित्रवान् नारीको स्वभावहरूको बारेमा फेरि समिक्षा गर्नुहोस्। त्यस खालको नारीको चरित्रलाई हामी सबैले आत्मसात् गरेर हामीहरूको चरित्र निर्माणमा कसरी प्रयोग गर्न सक्छौं?**

ई. हितोपदेशको पुस्तक अनेकन् उपयोगी ज्ञानबुद्धीले भरिएको छ। हामीहरूको आस्था वा धर्म अव्यवहारिक होइन तर प्रयोगात्मक छ भनेर त्यसले बताउँछ। हामीहरूको दैनिक जीवनमा सानोतिनो काममा नै किन नहुन् हामीहरूले आस्था झल्काउनुपर्छ भन्नेलाई मध्य नजर राखेर धार्मिक र आध्यात्मिक पक्षहरूको बिकासलाई पनि वेवास्ता गर्नुहुन्न भन्ने तथ्यलाई कसरी निश्चित हुने?